संचारिका समूहको आयोजनामा सम्पन्न

# पत्रकार महिलाको राष्ट्रिय सम्मेलनबाट जारी घोषणापत्र

राज्य पुनः संरचनाको वर्तमान संवेदनशील कालखण्डमा हामी पत्रकार महिलाहरू आफ्नो पेशागत दायित्वबोधले अत्यन्त गम्भीर भएका छौं । अग्रगमनका लागि पत्रकारिता क्षेत्रले निर्वाह गर्नुपर्ने सामाजिक दायित्वप्रति हामी पूर्ण प्रतिबद्ध छौं । यो प्रतिबद्धता व्यवहारमा उतार्नका लागि आधारभूत पूर्वाधारको खाँचो पर्दछ । यसर्थ,

सञ्चारिका समूहले २०६४ फागुन १९ र २० गते काठमाडौंमा आयोजना गरेको पत्रकार महिलाको राष्ट्रिय सम्मेलनका सहभागी हामी देशभरिका करिब दुई सय प्रतिनिधि पत्रकार महिलाहरू पेशागत हक हित संरक्षण र उपयुक्त कार्य-वातावरण निर्माणका लागि राज्य, सञ्चार माध्यम र पेशागत संघसंस्थाले चाल्नुपर्ने निम्नलिखित सकारात्मक कदमप्रति गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छौं :

१ लोकतन्त्रको स्थापना पछि पनि एकातिर प्रेस स्वतन्त्रताको निर्वाध उपभोगमा व्यवधान कायमै छ भने अर्कोतिर पत्रकारको भौतिक तथा पेशागत सुरक्षा कायम हुन सकेको छैन । फलतः समग्र नेपाली प्रेस र पत्रकार एवं विशेष रुपमा भन्दा पत्रकार महिला अझ बढी असुरक्षित रहेकोले यो अवस्थाको तत्काल अन्त्य गरियोस् ।.

२. राज्य संरचनाको हरेक तहमा महिलाको समानुपातिक समावेसी सिद्धान्तको आधारमा सहभागी हुने संवैधानिक हक अनुसार सञ्चार क्षेत्रमा पनि पत्रकार महिलाको सहभागिता सुनिश्चित गरियोस् ।

३. शारीरिक अपाङ्गता भएका महिलाले पनि सञ्चार माध्यममा रचनात्मक भूमिका निर्वाह गर्नसक्ने भएकाले उनीहरूको सहभागितामा विशेष ध्यान दिइयोस् ।

४. श्रमजीवी पत्रकारलाई नियुक्ति दिएर मात्र काममा लगाउने, उचित पारिश्रमिक निर्धारण गरी उपलब्ध गराउनेलगायत श्रमजीवी पत्रकार ऐनका प्रावधानहरूलाई तत्काल लागू गरियोस्/गर्न लगाइयोस् । लागू भए नभएको अनुगमन गर्न सशक्त संयन्त्रको व्यवस्था गरियोस् । ऐन लागू नगर्ने सञ्चार माध्यमहरूविरुद्ध कारवाही गर्ने र सरकारको तर्फबाट उपलब्ध गराइने सुविधाहरू रोक्का गरियोस् ।

५. हाल संशोधन क्रममा रहेको श्रमजीवी पत्रकार नियमावलीलाई महिला-मैत्री बनाईयोस् । लैङ्गिक समताको प्रत्याभूि तगर्नका साथै महिलाको प्रजनन स्वास्थ्यको विशेष अवस्थाप्रति संवेदनशीलता प्रकट गर्दै अघि र पछि चार महिना र अवस्था हेरी बढी पनि विदा दिने व्यवस्था गरियोस् । पुरुष पत्रकारलाई पनि श्रीमती सुत्केरी भएमा उनलाई स्याहार्न कम्तिमा १५ दिन यस्तो विदा प्रदान गरियोस् । ठूला संचार गृहहरुमा शिशु स्याहार कक्षको व्यवस्था गरियोस् ।

६. आमसञ्चार माध्यमहरूमा पत्रकार महिलाहरूको व्यक्तित्व र नेतृत्व क्षमताको विकास गर्न बढुवामा सकारात्मक विभेद नीति अवलम्बन गरियोस् ।

७. सबै सञ्चार माध्यम, सञ्चार प्रतिष्ठान र सञ्चारसम्बन्धी सरकारी संयन्त्रहरूको नीति निर्माण र निर्णायक तहमा महिलाको समानुपातिक समावेसी सहभागितालाई अनिवार्य गरियोस् ।

८. तलब र पारिश्रमिकमा पत्रकार महिला र पुरुषबीच कुनै पनि तरिकाले प्रत्यक्ष वा परोक्ष रूपमा हुने भेदभावको तत्काल अन्त्य गरियोस् । हाल सञ्चार माध्यमहरूमा त्यस्तो भेदभाव भए-नभएको अनुगमन गरी भइरहेको भए अविलम्ब सुधार गरी कार्यान्वयन गरियोस् ।

९. पत्रकार महिलालाई सामाजिक सुरक्षाको व्यवस्था होस् ।

१०. सरकारी, गैरसरकारी र सामुदायिक सञ्चार माध्यमहरूमा काम गर्ने वातावरण महिलामैत्री बनाउन नीतिगत व्यवस्थासहित व्यवहारमा लागू गराउन पहल होस् ।

११. पत्रकार महिलाको पेसागत दक्षता अभिवृद्धि तालिम र अध्ययनका लागि राज्यबाट नै वार्षिकरूपमा निश्चित बजेटको व्यवस्था होस् ।

१२. पत्रकार महिलाले सम्पादन प्रकाशन संचालन गरेको संचार माध्यमलाई आवश्यक सामग्रीमा विशेष छुट दिनुका साथै प्रेस काउन्सिलको मूल्याङ्कनमा उदारता प्रकट गरियोस् ।

१३. नेतृत्व विकासले क्षमता अभिबृद्धिमा सघाऊ पुऱ्याउने कुरामा विवाद छैन । त्यसैले विभिन्न संचार संस्थाहरु विशेषत: नेपाल पत्रकार महासंघको नेतृत्वमा पत्रकार महिलाहरुको संख्या अत्यन्तै न्यून रहेको यथार्थलाई आत्मसाथ गर्दै उनीहरुलाई नेतृत्वमा पुग्न सक्ने वातावरण निर्माण गरियोस् ।